म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक २८६ बुधबार ११ जेठ २०७९ ने. सं. ११४२ वछलाथ्व 25 May, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

पेट्रोलियम पदार्थको मूल्यवृद्धि विरुद्धमा प्रदर्शन

हेटौंडा, १० जेठ/पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धिको विरुद्धमा हेटौंडामा विरोध प्रदर्शन भएको छ ।

नेकपा एमाले निकट राष्ट्रिय युवा संघ नेपाल, अनेरास्वविपु मकवानपुर र नेपाल खेलकुद महासंघ लगायत भ्रातृ संगठनहरुको संयुक्त रुपमा हेटौंडाको बुद्धचोकमा विरोध प्रर्दशन गरेका हुन् । मूल्यवृद्धि फिर्ता गर, सडक हामी तताउँछौ मूल्यवृद्धि घटाउँछौ, परमादेशी सरकार राजिनामा दे, नालायक सरकार होसियार लगायत नारा लेखिएका प्लेकार्डसहित उनीहरुले प्रदर्शन गरेका थिए । सरकारले छोटो समयमा पटक-पटक पेट्रोलियम पदार्थ तथा खाना पकाउने ग्यासको मूल्यवृद्धि गरी जनताको ढाड सेक्ने काम गरेको भन्दै तत्काल फिर्ता लिन उनीहरुले माग गरेका छन् । उनीहरुले पेट्रोलियम पदार्थको मूल्यवृद्धिको विरोधमा मोटरसाइकल डोऱ्याएरका थिए भने ग्यास सिलिण्डरको मूल्यवृद्धि विरुद्ध सडकमा चुलो बनाएर आगो समेत बालेका थिए । साथै, सिलिण्डरमा 'भैले पकाएर खाएको पनि देखि सकेनौ है ?' भन्दै सरकारलाई प्रश्न गरिएको थियो । त्यस्तै 'मोटरसाइकलसँग पेट्रोल साट्ने कोही हुनुहुन्छ ?' प्रश्न गर्दै 'सरकारले कुदाउन हैन, डोऱ्याउन भन्नु भाछ' भन्दै सरकारलाई व्यंग्य गरिएको थियो ।

शिर्ष नेताले नै आफ्नो वडामा सकेनन् जिताउन

साझाकुरा संवाददाता

हेटौंडा १०, जेठ/ स्थानीय तह सदस्य निर्वाचन-०७९ अन्तर्गत् मकवानपुरको १० वटा पालिका र १ सय २ वटा वडाको अन्तिम मतपरिणाम आइसकेको छ ।

मकवानपुरमा गठबन्धनको संयोजन गरेको नेपाली कांग्रेसले ५ वटा गाउँपालिकाको अध्यक्ष, ६ वटा पालिकाको उपप्रमुख/उपाध्यक्ष जितेको छ । गठबन्धनकै नेकपा माओवादी केन्द्रले १ नगर प्रमुख, १ गाउँपालिका अध्यक्ष र ५ गाउँपालिकामा उपाध्यक्ष जितेको छ ।

गठबन्धनविरुद्ध निर्वाचन लडेको नेकपा एमालेले दुई वटा गाउँपलिकाको अध्यक्ष र एउटा उपाध्यक्ष तथा नेकपा (एकीकृत समाजवादी)ले हेटौंडा उपमहानगरको प्रमुख मात्रै जितेको छ । जिल्लाभर १ सय २ वटा वडामध्ये कांग्रेसले ४४, एमालेले ३३, माओवादी केन्द्रले २४ र एकीकृत समाजवादीले १ वटा वडा अध्यक्ष जितेको छ ।

मकवानपुर कम्युनिस्टहरुको गढका रुपमा चिनिन्थ्यो । यसपालीको निर्वाचनमा एमालेको गढ भत्काएर कांग्रेस र माओवादीले आफ्नो उपस्थिति बढाएका छन् । तर, मकवानपुरमा राजनीतिक दलहरुको केन्द्र, प्रदेशदेखि जिल्लास्तरसम्म नेतृत्व गर्दै आएका अधिकांश नेताहरुले नै आफ्नो वडा जोगाउन सकेनन् ।

अर्थात, दल हाँक्ने नेताहरु गृह वडामा भने आफ्नो पार्टीका उम्मेदवारलाई जिताएर जित जोगाउन चुकेका हुन् । केन्द्रीय राजनीतिमा लामो समयदेखि वर्चश्व बनाउँदै पटक-पटक उपप्रधानमन्त्रीदेखि

मन्त्रीसमेत भएका कमल थापाले आफ्नै वडामा समर्थन गरेको दलका उम्मेदवारलाई जिताउन सकेन् ।

थापाले यसपालीको निर्वाचनमा एमालेलाई पूर्ण समर्थन गरेका थिए । उनको हेटौंडा-६ नम्बर वडा गृह वडा हो । ६ नम्बर वडामा एमालेका उम्मेदवारलाई हराउँदै कांग्रेसका विष्णुप्रसाद दाहाल निर्वाचित भए । थापाले नेतृत्व गरेको राप्रपा नेपालले एमालेसँग ६ नम्बरको वडा अध्यक्ष मागेको थियो ।

तर, एमालेले विश्वराज राईलाई उम्मेदवार बनायो । राप्रपा नेपाल मकवानपुरका अध्यक्ष गुरुप्रसाद सापकोटाले मकवानपुरमा सुर्य चिन्हमा मतदान गर्न पार्टीका नेता, कार्यकर्तालाई आह्वान नै गरेका थिए । ६ नम्बर वडामा थापा नेतृत्वको राप्रपा नेपालको उपस्थिति कमजोर थियो वा थापाले सहयोग गरेनन् त्यो गर्वभित्रकै विषय भएपनि उनले समर्थन गरेको उम्मेदवारले भने जितेनन् । नेकपा (एकीकृत समाजवादी)का स्थायी कमिटी सदस्यसमेत रहेका संघीय सरकारका स्वास्थ्य तथा जनसंख्या मन्त्री विरोध खतिवडाको गृह वडा हेटौंडाको ४ नम्बर हो । खतिवडाको वडामा एमाले मकवानपुरका सचिवसमेत रहेका नवीन सिग्देलले दोस्रो पटकका लागि वडा अध्यक्ष जिते ।

मकवानपुरमा गठबन्धनकै नेतृत्व गरेका खतिवडाले आफ्नो उम्मेदवारलाई जिताउन सकेनन् । गठबन्धनबाट ४ नम्बर वडामा कांग्रेसका हरि पौडेल उठेका थिए । ४ नम्बर वडा कांग्रेस बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँको बसोबास रहेको वडा हो । बानियाँको गृह वडा भने हेटौंडा-१८ नम्बर हो । उक्ले पनि आफ्नो वडामा जित निकाल्न सकेनन् । १८ नम्बरमा एमालेका अनिल बानियाँ विजयी भए ।

एमालेका केन्द्रीय सदस्य तथा प्रतिनिधिसभाको अर्थ विकास समिति सभापति कृष्णप्रसाद दहालले पनि गृह वडामा आफ्नो पार्टीका उम्मेदवार जिताउन सकेनन् । उनको बकैया गाउँपालिकाको १२ नम्बर वडा हो । १२ नम्बर वडामा कांग्रेसका ज्ञानेन्द्र बजगाई निर्वाचित भए । एमालेका बागमती प्रदेश कमिटीका संगठन विभाग प्रमुख तथा हेटौंडाको मेयर उम्मेदवार अनन्तप्रसाद पौडेलले पनि गृह वडामा जिताउन सकेनन् ।

९ नम्बर वडामा नेकपा (एकीकृत समाजवादी)का सुकराम केसी विजयी भए । एमाले मकवानपुरका जिल्ला अध्यक्ष एकालाल श्रेष्ठले पनि गृह वडामा पार्टीका उम्मेदवारलाई जिताउन सकेनन् । उनको गृह वडा १ नम्बरमा कांग्रेसका सविन न्यौपाने निर्वाचित भएका थिए ।

हेटौंडाको मेयरका उम्मेदवार राप्रपाका दिक सिंहको गृह वडा २ नम्बर वडामा कांग्रेसका विष्णुगोपाल मर्हत निर्वाचित भए । २ नम्बर वडामा मेयरका उम्मेदवारमध्ये सर्वाधिक मत ल्याएका सिंहले वडा अध्यक्षमा राप्रपाका उम्मेदवारले जिताउन सकेनन् ।

नेपाली कांग्रेसको केन्द्रीय सहमहामन्त्री महालक्ष्मी उपाध्यक्ष 'डिना'को गृह वडा भिमफेदी गाउँपालिका-७ मा भने कांग्रेसका उम्मेदवारले निर्वाचन जितेका छन् । उक्त वडामा कांग्रेसका मित्रबन्धु सिंजाली विजयी भएका हुन् । एमालेका केन्द्रीय सल्लाहर सदस्य तथा बागमतीमा पूर्वमुख्यमन्त्री डोरमणि पौडेल, एमाले केन्द्रीय सदस्य तथा मकवानपुर पार्टी इन्चार्ज रामेश्वर रानाको ११ नम्बर वडामा एमालेकी जुना दहालले जितिन् ।

हेटौंडा-१७ का महिलालाई नि:शुल्क एम्बुलेन्स सेवा

साझाकुरा संवाददाता

हेटौंडा, १० जेठ/हेटौंडा उपमहानगरपालिका वडा नम्बर १७ का महिलाहरूले सुरक्षित प्रसुतीका लागि नि:शुल्क एम्बुलेन्स सेवा पाउने भएका छन् ।

मंगलबार बसेको वडा कार्यसमितिको पहिलो बैठकले वडाभित्रका गर्भवती महिलाहरू सुरक्षित रुपमा प्रसुती गराउनका लागि उपमहानगरका जुनसुकै अस्पतालसम्म जानका लागि लाग्ने एम्बुलेन्स शुल्क वडा कार्यालयले व्यहोर्ने निर्णय गरेको हो ।

१७ नम्बर वडाका वडाध्यक्ष उद्धव सत्यालले बैठकले वडा कार्यालयमा सेवा लिन आउने सेवाग्राहीका लागि नि:शुल्क हेल्प डेस्क सन्चालन गर्ने समेत निर्णय गरेको जानकारी दिए । हेल्प डेस्कले वडामा सेवा लिन आउने सर्वसाधारणलाई छिटोछरितो सेवा प्रवाहका लागि सहयोग गर्ने वडा सदस्य नवराज न्यौपानेको भनाई छ ।

बकैयाका कार्कीले चुमे सगरमाथाको चुचुरो

साझाकुरा संवाददाता

हेटौंडा १०, जेठ/ मकवानपुरको पूर्वी क्षेत्रस्थित बकैया गाउँपालिका निवारी बिक्रम कार्कीले विश्वकै अग्लो हिमशिखर सगरमाथाको सफल आरोहण गरेका छन् ।

पेशाले पर्यटन व्यवसायी कार्कीले सगरमाथाको चुचुरोमा पुगेर नेपालको झण्डा फहराएका छन् । बकैया-४ घर भएका कार्कीले २१ मे २०२२ बिहान११:२५ मा सगरमाथाको चुचुरोको सफलता हात पारेका हुन । सम्भवत: कार्की सगरमाथाको सफल आरोहण गर्ने पहिलो मकवानपुरे बनेका छन् । यसअघि सगरमाथाको चुचुरोमा पुग्ने मकवानपुरे छैनन् ।

सगरमाथाको चुचुरोमा पुगेपछि उनले प्यारो छतिवन भनेर सम्बोधन गरेका छन् । उनी २०५० साल असार २६ गते रामबहादुर कार्की तथा इन्द्रकला कार्कीको पहिलो सन्तानको रुपमा जन्मिएका थिए । उनले स्कुले शिक्षा साविकको छतिवनस्थित महेन्द्र माविबाट गरेका हुन् । काठमाडौंमा स्नातकसम्मको अध्ययन गर्दै कार्कीले ब्याचलर इन टुरिजम एण्ड हस्पिटालिटीमा गरे । अध्ययनसँग व्यवसायमा होमिएका

उनले सन् २०११ मा कलेज पढ्ने पाँच जना साथीहरुसँग मिलेर ट्रेकिङ कम्पनी एपेक्स हिमालय ट्रेक्स एण्ड एक्सपेडिसन प्रलिको सुरुवात गरेका थिए । माउन्टेरेनिङ, रक क्लाइम्बिङ, हाइ माउन्टेन रेस्क्यु, एडभान्स क्यानोइनिङ, प्राथमिक उपचार, स्कि कोर्सलगायतका तालिम लिएका कार्कीले यसअघि ६ हजार मिटर उचाईका विभिन्न देशका ६ वटा हिमालको सफल आरोहण गरिसकेका छन् । सगरमाथा आरोहण गर्नुपूर्व कार्कीले विभिन्न देशका ६ वटा शिमशिखर चढेको बताए र

उनले ६८१२ अग्लो अमा दमालम, चुलू फार इष्ट (६०५९), इम्जात्से (६१६५), लुभुजे (६०९०), चुलु इस्ट (६५८४), मेरा पिक (६४७०)लगायतका हिमालय आरोहण गरिसकेको बताए । ११ अप्रिलदेखि मे १४ सम्म तयारी गरी काठमाडौंको ठमेल बाट यात्रा सुरु गरेका कार्की सहितको टोली १६ मे मा बेशक्याम्प पुगेको थियो ।

यात्राको क्रममा अर्का आरोही कार्कीको सययात्री दिपक महतको क्याम्प २ बाट क्याम्प ३ मा पुग्ने क्रममा हिउँमा लडेर मृत्यु भएपश्चात यात्रामा सन्नाटा छाएको कार्कीले बताए ।

१७ मेमा मृतक महतको व्यवस्थापन गरेर १८ मे मा क्याम्पमा रेस्ट गर्दै १९ मे मा क्याम्प ३ मा पुगेको उनले बताए । २० मे क्याम्प ४ राती १० बजेको यात्राले विहान ११:२५ को समयमा सगरमाथाको चुचुरोमा पाइला टेक्न पुग्दा संसार जितेको महसुश भएको उनले सुनाए ।

अशक्त बालबालिकाको नि:शुल्क उपचार गरिने

साझाकुरा संवाददाता

हेटौंडा १०, जेठ/ भीमफेदी गाउँपालिकामा रहेको अशक्त बालबालिकाहरुको नि:शुल्क उपचार गर्ने निर्णय गरिएको छ ।

दोस्रो पटकका लागि गाउँपालिका अध्यक्षमा निर्वाचित भएका हिदम लामाले कार्यभार सम्हालेसँगै शारिरीक रुपमा अशक्त बालबालिकालाई नि:शुल्क उपचार गर्ने पहिलो निर्णय गरेका हुन् ।

लामाले अघिल्लो कार्यकालमा पनि अशक्तलाई उपचारका लागि आर्थिक सहयोग गर्दै आएका थिए ।

पद तथा गोपनीयताको सपथ लिएसँगै पदभार ग्रहण गरेका लामा उपचारकै कारणले अशक्त बालबालिकाले अप्ठेरो अवस्थाको सामना गर्नुनपर्ने बताएका हुन् ।

रकमको अभाव भएर उपचार नहुने बालबालिकाको पनि उपचार नभएको अवस्थामा गाउँपालिकाले बालबालिकाको हितमा निर्णय गरेको अध्यक्ष लामाले बताए ।

बालबालिका भविष्यका कर्णधार रहेको भन्दै लामाले बालबालिकालाई स्वस्थ बनाउन सके गाउँपालिका नै स्वस्थ हुने जनाए । लामाले सुखी भिमफेदी, समृद्ध भीमफेदी बनाउने अभियानको सुरुवात बालबालिको क्षेत्रमा निर्णय गर्दै सुरुवात भएको प्रतिक्रिया दिए । लामाले गठबन्धनबाट नेकपा माओवादी केन्द्रका उम्मेदवारलाई पराजित गर्दै अध्यक्षमा विजयी भएका थिए । गाउँपालिका अध्यक्षमा गठबन्धनबाट कांग्रेसका सञ्जिव श्रेष्ठ विजयी भएका छन् ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरू:

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित
सुन्दर नगरी हेटौंडामा बिक्री
शुभारम्भ



Offer
रू.१०,०००।-
नगद छुट

YADEA e-SCOOTER का विशेषताहरु:
- Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
- Full Charge ले १०० किमी कुद्ने ।
- २००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विद्युत् खपत ।
- ट्यूबलेस टायर
- ब्याट्रिमा एक वर्ष वारेन्टी

बर्षा ई-अटोमोबाइल्स
हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)
प्रो. सबी भण्डारी ९८५५०६७४६०

साझाकुरा
हाम्रो कुरा

अनुदान हैन, ऋण

तीनै तहका सरकार संघ, प्रदेश र स्थानीय सरकारले बजेट बनाउने तयारी सुरु गरेका छन् । असारमा बजेट ल्याइसक्नु पर्ने भएकाले तीन तहकै सरकार बजेट बनाउन जुटिरहेका हुन् । भर्खरै स्थानीय तह निर्वाचन-०७९ सकिएकाले पालिकाहरुमा नयाँ जनप्रतिनिधि आएका छन् । बजेटको तयारी गरिरहेका बागमती प्रदेश सरकारका केही मन्त्रालयले सुझाव सुंकलनपनि गरिरहेका छन् । बागमतीको आर्थिक मामिला तथा योजना मन्त्रालयले १४ वटा मन्त्रालयलाई सिलिङ पठाइसकेको अवस्था छ । स्थानीय तहमा भर्खरै निर्वाचन सकिएकाले जनप्रतिनिधिहरु विजय ञ्यालीमा व्यस्त छन् । कर्मचारीहरु बजेटको तयारीमा छन् । नयाँ जनप्रतिनिधिहरुले कस्तो बजेट ल्याउँछन् ? सबैको चासोको विषय बनेको छ । आगामी आर्थिक वर्षका लागि ल्याउने बजेटप्रति सबैको चासो हुनु स्वभाविक नै हो । यसअघिका बजेट कर्मकाण्डी मात्रै भएको मुल्यांकन गर्दा बेठिक नहोला । स्थानीय तहहरुले बितेका पाँच वर्षमा ल्याएका बजेट प्रभावकारी भएपनि जनताको आर्थिक स्तर उकास्ने ठोस योजनाका साथ बजेट भने नआएको पक्कै हो । स्थानीय तहले बढी जसो वितरणमुखी बजेट ल्याएको देखिन्छ । अनुदानका नाममा आफ्ना निजिकमा आफन्त, कार्यकर्तालाई बाँड्ने खालका धेरै योजना बजेटमा आउँछन् । तर, साच्चै नागरिकलाई आर्थिक रुपमा सबल गराउने महत्वपूर्ण योजना भने आउँदैन् ।

विगतका सरकारले अनुदानका नाममा अनेक कार्यक्रम ल्याइरहँदा त्यसको प्रभावकारिताभाथि बहस हुन सकेको छैन् । नेपाल कृषि प्रधान मुलुक हो । नेपालका हरेक सरकारले कृषि क्षेत्रलाई प्राथमिकतामा राखेर बजेट ल्याउनु अपरिहार्य हुनेछ । नेपाल कृषि, विद्युत उत्पादन र पर्यटन क्षेत्रबाट धनी हुने प्रशस्तै आधार छन् । तर, यी क्षेत्रमा सरकारले प्राथमिकताका साथ काम गरेको देखिँदैन् । मुलुक कृषि उपजमा भारतसँग परनिर्भर भएको हामीले देखेकै छौं । राज्यसँग कृषि उत्पादन बढाए राजस्व वृद्धि गरेर ढुकुटी भर्ने र नागरिकलाई सबल बनाउनेतर्फ ठोस योजना नभएकै हो त ? कृषि क्षेत्रालाई प्राथमिकतामा राखेको देखिएपनि अनुदानका कार्यक्रम धेरै राख्ने गरिन्छ । अनुदानका कार्यक्रममा कृषि उत्पादन बढ्ने भन्दापनि कमाउ धन्दा बनाउनेहरु सलबलाएका छन् । अनुदान पाउन निश्चित समय कृषि आयोजना सञ्चालन गर्ने र केही समयपछि बन्द गर्ने प्रचलन बढेको छ । अब कृषि क्षेत्रलाई प्रभावकारी ढंगबाट अगाडि बढाउने हो भने अनुदान हैन, ऋण लगानीको व्यवस्था गर्नुपर्ने हुन्छ । अनुदान दुरुपयोग भइरहँदा ऋण लगानीले पेशाप्रति लगाब बढाउने, उत्पादन बढाउन मिहेनत गर्ने व्यवहारको विकास पक्कै हुनेछ । ऋण लगानीलाई सहज बनाउँदै कृषि तथा पशुपालन क्षेत्रमा कम ब्याजदर कायम गरेर युवाहरुलाई कृषि क्षेत्रमा लाग्न प्रोत्साहन गर्नु पर्दछ ।

अनुदानमा पहुँचवालाहरुको हालीमुहाली हुँदा आयआर्जनका लागि काम गर्ने वास्तविक किसानलाई मर्का पररिहेको जनप्रतिनिधिले बुझ्नु पर्दछ । अनुदान दिँदा रकम हैन, वस्तुमा दिनु पर्दछ । कृषि यान्त्रिकरणलाई सहकारी, समूहमार्फत अनुदानमा दिएर उत्पादन बढाउने कार्य गर्न सकिन्छ । अनुदानमा दिइएका कृषि सामग्रीको नियमित निगरानी भएको पाइदैन् । यसकारण कृषि सामग्रीको प्रयोग नहुनु र राज्यको लगानी खेर गइरहेकोप्रति सरकारको ध्यान नजाँदा समस्या श्रृजना भइरहेको छ । तीनै तहका सरकारले अब कृषि तथा पशुपालनका क्षेत्रमा अनुदान जस्ता कार्यक्रमलाई रुपान्तरिक गर्दै ऋण लगानीमा जोड दिँदा राम्रो हुने देखिन्छ ।

चुनावी परिणामभित्र लुकेका सन्देश

डा. टीकाराम पोखरेल

बोल्नुमा भन्दा कहिलेकाहीं चुपचाप बस्नुमा ठूलो शक्ति हुन्छ । हिंसाभन्दा अहिंसाको कैयौं गुणा बढी शक्ति हुन्छ भनेर गान्धीले त्यसै भनेका होइनन् । धैर्यका अगाडि धेरै अधीर शक्ति हारेका छन् । मौनताको सन्देश पनि यस्तै हो, जुन बोल्नुभन्दा धेरै शक्तिशाली हुन्छ । स्थानीय तहको चुनाव सम्पन्न भइसक्दा पनि चुनावका बारेमा खासगरी राजनीतिक दलहरूले स्पष्ट मुख खोलेका छैनन् । गैरदलीय उम्मेदवारहरू त झनै अलमलमा देखिन्छन् । तर मौनताका बीच पनि केही चुनावी सन्देश आकलन गरिएका छन् । यतिबेला स्थानीय तहको निर्वाचन, २०७९ सकिएर परिणाम पनि अन्तिम चरणतिर पुगेको छ । काठमाडौं, धरान, धनगढीलगायत केही महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाहरूमा स्वतन्त्र भन्ने गरिएका गैरदलीय उम्मेदवारहरू प्रमुखमा विजयी भएका छन् ।

दलबाट विद्रोह गरी कानूनी रूपमा स्वतन्त्र भए पनि बोलीचालीमा बागी भनिएकाहरूले पनि धेरै स्थानमा विजयको झण्डा फहराएका छन् । यद्यपि बागीभन्दा गैरदलीय स्वतन्त्र भनिएका उम्मेदवार चाहिं चर्चाको शिखरमा रहेका छन् । धनगढीका गोपाल हमाल र काठमाडौंका बालेन साहको नाम त चुनाव अगाडि पनि धेरथोर सुनिएको हो, तर धरानका हर्क साम्पाङ त एकाएक यसरी चर्चामा आए, जब मतगणनामा उनले अग्रता कायम गरे । मतगणना सुरु हुँदा पनि अरू नै दलले अग्रता लिएकाले होला, साम्पाङ त्यति चर्चामा थिएनन् ।

जब उनले गणनामा अग्रता कायम गर्न थाले, तब मात्र उनको चर्चा एकाएक सुरु भयो । विजयी घोषणा हुँदासम्म त उनको चर्चाले शिखर चुम्यो । भोट दिने नदिने सबैका लागि उनी चर्चाका पात्र बने । धरानका साम्पाङसहित अन्य गैरदलीय उम्मेदवारहरूको जितप्रति आम मानिसको प्रतिक्रिया सकारात्मक र उत्साहपद देखियो । यी यस्ता केही जितले नेपाली राजनीतिलाई केही गहन सन्देश समेत दियो ।

स्वतन्त्र होइन, बनताका पिय

अति लोकप्रिय मतका साथ निर्वाचित भएकाहरूलाई हामी स्वतन्त्र भनिरहेका छौं । सञ्चारमाध्यमको भाषा, राजनीतिको भाषा मात्र होइन, स्वयम् मतदाता समेत स्वतन्त्रलाई मत दिएको भनिरहेका छन् । यथार्थमा ती स्वतन्त्र होइनन्, जनताका पक्षधर हुन् । अरू आफैं पक्षधर भए । तर जनताका पक्षधर भई जनप्रिय बनेकाहरू स्वतन्त्र हुँदैनन्, सधैं जनताका पक्षधर हुन्छन् । आफ्नो पहिचानलाई स्वतन्त्र होइन, बरु जनपक्षीय बनाउन गैरदलीय उम्मेदवार भई विजयी भएका हुन् । त्यसैले गैरदलीय उम्मेदवारहरू जनताको पक्षधर होऊन् ।

न देवत्वकरण न त दानवीकरण

नेपाली समाजको एउटा तह निकै सतही छ । विना आधार, कारण र विश्लेषण कसैको छिटो देवत्वकरण गरिदिन्छ, त कसैलाई दानव झैं परिभाषित गरिदिन्छ । सानै कुराले देवता बनाएका र दानव घोषित गरिएका उदाहरण विगतमा पनि थुप्रै छन् । झन् सामाजिक सञ्जालको बढ्दो प्रयोगले त यस्तो अतिरञ्जित प्रचार-प्रसारलाई खुबै टेवा पुऱ्याएको छ । असत्य कुरालाई पनि सय पटक सत्य हो भन्ने हो भने त्यो असत्य पनि सत्य साबित हुन्छ भन्ने गोयबल्स शैली सामाजिक सञ्जालमा नभएको होइन ।

यस प्रकारका अतिरञ्जित प्रचारले मान्छेको वास्तविक क्षमता नै छायाँमा पारिदिन्छ र हुँदै नभएको क्षमतामा चाहिं मानिस रमाउन थाल्छ । अहिले स्वतन्त्र भनिएका नवविजयीहरूको पनि देवत्वकरण हुन थालेको छ । यो राम्रो होइन । स्वतन्त्र जितेकाहरू पनि यही समाजमा उपज भएका मानिस हुन्, उनीहरूका सबल पक्ष पनि छन् र कमी-कमजोरी पनि होलान् । उनीहरूको देवत्वकरण गर्नुको सट्टा आफ्ना कमी-कमजोरीलाई न्यूनीकरण गर्ने र सबल पक्षलाई जति सक्दो उजागर गर्ने पक्षमा उनीहरूलाई सल्लाह दिऊँ । विजयीहरूका पनि सोही अनुसार काम गरौं । दानव वा देव बनाउने काम पनि बन्द गरौं, बन्ने काम पनि बन्द गरौं । मात्र मान्छे बनाऊँ र मान्छे बनौं ।

दलहरूको बौचित्य

केही महत्वपूर्ण स्थानमा गैरदलीय उम्मेदवारहरूले बाजी मारिरहँदा के अब दलहरूको औचित्य नै समाप्त हुन लागेको हो ? भन्ने कोणबाट पनि विभिन्न तर्क आइरहेका छन् । तर दलहरूको औचित्य सकिएको छैन । यद्यपि दलहरू र तिनका प्रमुख नेताहरूको चरित्र र व्यवहारमा व्यापक सुधार हुनुपर्ने संकेत भने यो निर्वाचनले गरेको छ । दलहरूका क्रियाकलापमा सुधार गरिएन भने असल कार्यकर्ताले विद्रोह मात्र गर्दैनन्, जनताले समेत आगामी दिनमा दलहरूलाई थप स्थानमा हराउन सक्छन् ।

जनता सधैं परिवर्तनको पक्षमा हुन्छन्, तर दलहरूको शैली यथास्थितिलाई अँगाल्ने खालको छ । त्यसैले दलहरूले समय अनुसार आफूलाई बदलून् । दलका नेताले जेलमा भोटो फटाएको वर्ष गनेर ब्याज नखाऊन् । त्यसो भएमा मात्र दलको औचित्य सधैं रहन्छ । दलीय व्यवस्थामा दलको अस्तित्व रहिरहनु पनि पर्छ । तर दलले आफूलाई सुधार भने गर्नैपर्छ ।

गबाशिनु, गबाशिनु

त्यसो त दलहरूले मात्र होइन, गैरदलीय रूपमा जितेका उम्मेदवारहरूले दलहरूले भन्दा बढी जिम्मेवार हुनु आवश्यक छ । उनीहरूले कर्तव्य भुल्नुहुँदैन । आफूलाई आएको भोट आफ्नो लोकप्रियताले मात्र होइन, केही प्रतिशत भोट दलको अप्रियताको कारण पनि आफूलाई प्राप्त भएको छ भन्ने कुरा बुझ्न सकेनन् भने गैरदलीय उम्मेदवारलाई फेरि अर्को चुनावमा जनताले आज दलका नेतालाई गरेको जस्तै व्यवहार नगर्लान् भन्न सकिन्न । गैरदलीय उम्मेदवारले पार्टी नखोल्दै राम्रो हुन्छ । तर एक-अर्काबीच सहकार्य आवश्यक छ । राम्रा कुरा सबैको लिनुपर्छ । अरू पार्टीलाई गाली गरेर आफू कहिल्यै माथि पुगिन्न भन्ने कुरा मनन गर्नु जरूरी छ ।

लोकप्रिय मत ल्याएका स्वतन्त्र उम्मेदवारहरू । गैरदलीय उम्मेदवारहरूले सत्तालाई जनताको सम्झनुपर्छ । जित आफ्नो होइन जनताको बुझ्नुपर्छ । कतिपय स्थानमा केही गैरदलीय अभियन्ताहरूले हारे होलान्, त्यस्तो ठाउँमा हारें भन्दा पनि आफूलाई थोरै मत पुगेन भन्ने सकारात्मक सोच राख्नु आवश्यक छ । पाँच वर्ष पछि फेरि आउँछ । काउण्टडाउन सुरु भइसकेको छ । जिन्हेरूका भने कार्यक्रम र एजेण्डा बाहिर आउनुपर्छ । कसैले बहुमत अल्पमतको नाममा आफूलाई असहयोग गरेमा ती कुरा जनसमक्ष बाहिर ल्याउनु आवश्यक छ । गोप्य कोठामा कुनै काम नहोस् । निर्णय सबैको अगाडि होस् । पारदर्शिता नै सुशासनको प्रमुख आधार हो । यही कुरा मनन गरे सुशासन कायम हुन्छ । भ्रष्टाचार मात्र रोक्न सके देश बनाउन धेरै ठूलो योजना बुनिरहन आवश्यक पनि छैन ।

चुनौतीका पहाड र अवसरको फाँट

गैरदलीय उम्मेदवारहरूलाई चुनौती छन् । कोही हिजोको सत्ताले बिगारेका चुनौती छन् । कोही लामो समयदेखिको अव्यवस्था र विना योजना विस्तार भएका शहरीकरणले बिगारेका छन् । गैरदलीय उम्मेदवारले प्रमुख जितेका ठाउँमा उपप्रमुख र वडामा दलहरूले विजय हासिल गरेकाले काम गर्ने टिम मिल्छ कि मिल्दैन भन्ने चिन्ता पनि त्यत्तिकै छ । तर जहाँ चुनौती बढी हुन्छन् त्यहाँ अवसर पनि त्यत्तिकै हुन्छन् । काम गर्नैलाई मज्जा आउने भनेकै चुनौतीकै बीचमा हो । चुनौती मात्र देख्ने हो भने उपलब्धि सहज छैन । त्यसैले चुनौती मात्र देख्ने होइन, चुनौतीको समाधानका लागि अवसरको फाँट पनि देख्न सके उपलब्धि भन्ने गरिए जस्तो जटिल पनि छैन ।

मौन सन्देश

चुनाव सम्पन्न हुँदै गर्दा धेरै आवाज निस्केका छैनन् । सबै मौन छन् । तर चुनावको विषयमा व्यक्ति र दल स्पष्ट नबोले पनि स्वयम् चुनावले सन्देश दिँदैछ । पहिलो, अब दलहरू नसुधरिने हो भने जनताले विकल्प चाहिं खोज्छन् । दलीय व्यवस्थामा दलको विकल्प दल भनिरहँदा जनतालाई भने त्यो सिद्धान्त र नियम लागु हुँदैन । दोस्रो, दलले सही उम्मेदवार छान्न सक्नुपर्छ, अब पार्टीलाई मात्र मत आउँदैन, जनताले उम्मेदवार पनि हेर्छन् । एउटै पालिकामा प्रमुख एक पार्टी र उपप्रमुख अर्को पार्टी चुनिनुले जनताले पार्टी मात्र होइन, व्यक्ति पनि हेरेको देखिन्छ । स्वतन्त्र भनिएका जनपक्षीय उम्मेदवार विजय हुनु पनि पार्टीभन्दा व्यक्ति छानिनुको कारण हो । तेस्रो, अब हावादारी एजेण्डा बोकेर चुनावमा गएर चुनाव जितिँदैन । कुन एजेण्डा कस्ता छन् र कति कार्यान्वयन योग्य छन् र कार्यान्वयन गर्ने मान्छे कति भरोसायोग्य छन् भनेर जनता बुझ्ने भइसकेका छन् ।

निष्कर्ष

चुनाव भयो, राम्रो भयो । तर चुनाव हुनु मात्र सबै कुरा होइन, चुनाव जे प्रयोजनका लागि गरियो त्यो प्रयोजनसिद्ध हुनुपर्छ । चुनावबाट छानिएका जनप्रतिनिधिबाट जनअपेक्षा पूरा हुनुपर्छ । विगत पाँच वर्षमा देश कति समृद्धशाली बन्यो, अब कति बन्छ भन्ने कुरा गहन विश्लेषण हुनु आवश्यक छ । चुनाव व्यक्तिको अनुहार फेर्न होइन, देशको मुहार फेर्न हुनुपर्दछ । विजयी जनप्रतिनिधिले देश र जनताको पक्षमा काम गरुन्, देशको मुहार फेरुन्, जनताको अनुहारमा मुस्कान र खुसी ल्याउन सकून् । शुभकामना

(लेखक राष्ट्रिय मानवअधिकार आयोगका प्रवक्ता हुन् ।) *-साभार: अनलाईनखबर*

गाउँमा स्थानीय चुनावको तीतो अनुभव

सरोज दिलु विश्वकर्मा

गत बैशाख ३० गते भएको आमनिर्वाचनमा ललितपुर उपमहानगर र उदयपुर जिल्लाका केही पालिकाहरुको अनुभूति गर्न पाइयो । विशेषगरी उदयपुरका ४ वटा पालिका घुमेर हेर्दा अधिल्लो पटकभन्दा यसपटक प्रसार प्रसार गर्ने मत मागने र कार्यकर्ता परिचालन हुने तरिकामा अलि धेरै विकास भएको पाइयो । तर खर्चमा भने उसैगरी बढोत्तरी पनि भएको देखियो ।

सालाखाला ५ वटा स्थानीय निकायमा हेर्दा अधिल्लो निर्वाचनभन्दा यसपालि तडकभडक, झण्डा, ब्यानरहरु कम भएको, मोटरसाईकल र्यालीहरु घट्दै गएको देखिन्छ । भोजभतेरमा चाहिँ गाउँगाउँमै दिनमा ४/४ वटा भोजभतेर लागेको पाइयो । ती भोजभतेरमा एउटै मानिस चारैतिर सहभागी हुँदै अघाउँदै हिंडेको भेटियो । शहरमा होटल होटलमा जाँडरक्सी र गाउँमा टोलैपिच्छे रांगा, खसी, सुँगुर र बोइलरको भोज नभएको कुनै गाउँ नै भएन । यस्ता भोज र पैसाका लागि उमेदवार वा तिनका कार्यकर्तासँग मतदाताले सिधै मोलमोलाई गर्ने, नभए भोट नदिने गरेको पनि भोगियो ।

केही उदाहरण

हाम्रो छरछिमेकमा बढीजसो दलित समुदायभित्रका विशेषतः सदा र चौधरी दनुवारको बस्ती छ । उनीहरुलाई यस्तो चुनाव दशैं-तिहारभन्दा ठूलो पर्व हुने गर्दछ । दशैंमा आफैंलाई खर्चको ब्यवस्थापन गर्न गाह्रोसाह्रो हुने गर्दछ । तर, यस्ता चुनावमा तिनका प्रत्येक घरमा कताकताबाट किलोका किलो मासु आउँछ, कि त सिंगै बोइलर कुखुरा । फेरि उनीहरु करिव १५ दिनसम्म दिनदिनै हुने पार्टीका ४/४ वटा भोजमा खान पाउँछन् । गाउँघरमै हुने पार्टीहरूका भोजमा त उनीहरु थालै बोकेर हिंड्ने गरेका छन् । कहाँ हिंडेको भन्दा भोज खान । कुन पार्टीको भन्दा भोज खानेलाई नै थाहा छैन । बिहान अर्कैको पार्टी, दिउँसो अर्कै । अनि बेलुकी फेरि अर्कै ।

'यसरी फरकफरक पार्टीको भोज खाँदा सरम् लाग्दैन ?' भनेर सोध्दा 'के को सर्म ? जसले बढी मज्जाले खुवाउँछ, त्यसैलाई भोट दिने हो ।' 'कसले मज्जाले खुवाउँदै छ त ?' 'पैसा जसको छ, त्यसले खुवाउँछ नि, अनि त्यसैलाई जिताउने हो ।' उनीहरु स्पष्ट छन्- भोज र पैसामा भोट । मैले छिमेकी भाउजुसँग ठट्यौलीमा सोधें- 'मान्छे चैं सूर्यको, भोज रुखको खाने ?' उनले भनिन्- 'भेट्टाएसम्म सबैको खाने हो नि । तिमी पनि खुवाऊ न, अनि भोट दिन्छु ।'

मतदानका दिनमा भने उनी खुट्टा दुख्छ भनेर भोट हाल्ने गइनन् ।

संगै खेले हुर्केका एकजनालाई तिम्रो दलित आवास बनाउँदा पनि तिमीलाई ठग्यो, तिम्रो करेसा भत्काएर नाली बनाउन खोज्यो, तिमीले दाउराको भारी बोक्न छोडेकै छौनौ, अनि फेरि तपाईको भोट ? भनेर सम्झाएँ । उसले हुन त हो तर के गर्नु पहिलेको छाप लागेपछि अन्त मनै लाग्दैन । छापले तिमीलाई किनेको हो ? उसले सबै बुझ्यो तर अन्त्यमा भन्यो- 'हैट, दिनको १५ सय देको छु, मासु रक्सी फ्री छ, अर्कोलाई दियो भने त पाप पो लाग्छ ।'

उनीहरुलाई आफ्नो अमूल्य मतको मतलब हुन्न । कुन उमेदवार सही वा गलत वा कसले राम्रो गर्छ भन्ने कुनै वास्ता हुन्न । विगतकाले के कति कमजोरी गरे र त्यसले उनीहरु आफैंलाई पनि के कति घाटा भइरहेको छ त्यो पनि चासो हुन्न । केवल भोजभतेर, दारु, रक्सी अनि पैसा । भोट माग्दैगर्दा हामी ५ नम्बर वडाका दनुवार बस्तीमा पस्यौं ।

तिनले त सिधै भने- 'हिजो रुखवाला आएको थियो ८ वटा खसी काटेर खुवायो । आज सूर्जे (सूर्य) वालाको भोज छ, १० वटा खसी काटेको छ । अझै एक-एक हजार पनि दिएको छ । ल, तिमीहरु २/२ हजार दिन्छौ भने भोट दिन्छु ।'

कति सजिलै माग्छन् । कति सजिलै पैसाको मोलमोलाई गर्छन् मतदाता ! गाउँघरको सरसफाई, रोजगारी, बालवच्चाको शिक्षा, उन्नत् कृषि, बाटोघाटो, पुलपुलेसा बाँध-तटवन्धन, भ्रष्टाचार आदिमा कुनै सरोकार छैन । उनीहरुलाई यति थाहा छ कि ५ वर्षमा एकपल्ट आएर थिनले भोट मागे हो, त्यसपछि अर्को ५ वर्षसम्म देखै पर्दैनन्, त्यसैले मौका यही हो, पैसा वा दारु पानीमा भोट साट्ने ।

पार्टी प्रसार-प्रचार कार्यालयमा त एकजना वडा सदस्यले नै मेयर-उपमेयरलाई भनेर डेढलाख व्यवस्था गरिदिनुपर्यो भने । उनको गाउँमा ६० घर छन्, तिनलाई हातहातमा १-२ हजार नहालिकन र एकछाक मासु रक्सी खुवाइएन भने तिनको भोट तान्न सकिन्न रे ।

मैले उनलाई सम्झाएँ- 'हामी नयाँ पार्टी, जनताको सेवा गर्न उद्दै गरेको पार्टी । तिना पनि त्यही किसिमका पैसा खर्च गर्न सक्दो छौं । आजसम्मको उधारो मात्रै १२ लाखभन्दा बढी भइसक्यो । ६० घरको लागि डेढ डेढ लाख खर्च गर्दै जाने हो भने ५ करोडले पनि सकिन्न ।'

ऊ तुरुन्त रिसायो । 'तपाई राजनीति गर्न नजान्ने मान्छे रैछ, अहिलेको जमानामा पैसा छैन भने हामीले कसरी मान्छे तान्नु, चुनावमै नउठे भो नि! भन्दै हिंड्यो । आफ्नै कार्यकर्ताले त माथिल्लो निकायसँग यसरी सिधै पैसा माग्न नहिच्किचाएपछि अरुको त के कुरा भो र ।

एक उमेदवारले भनेको बजारमा हल्ला चल्यो- 'पैसा हो पैसा, एकदुई करोड फालें भने हाती लम्केको र फुयाउरा चम्केको धेरै फरक हुन्छ ।' उमेदवारले जसरी पनि चुनाव जित्नैपर्ने हुँदा उसले मतदाताको भाऊ राखिदिन्छ । कसैलाई लाखमा, कसैलाई हजारमा त कसैलाई एक गिलास रक्सी र एक चोक्टा मासुमा किनिदिन्छ ।

अर्कोतर्फ पैसा लिनका लागि बिचौलिया दलाल उमेदवारहरू पनि प्रशस्त देखापरे । तिनीहरु कहिले मेरा मान्छे यति छन्, यति पैसा दिने हो भने खर्लप्पै तपाईकोमा भोट झर्छ र मेरो उमेदवारी फिर्ता लिएर तपाईको पार्टीको झण्डा बोक्छु भन्दै सबै पार्टी चाहारेर कम्तिमा २/४ लाख त कमाइहाल्दा रहेछन् । एकजना निर्के वर्ष एनजीओ चलाएर सामाजिक चेतना फैलाउँदै आएकी स्वयसेवी छिन् । उनलाई मैले स्थानीय निकायमा भएको विलासिता, भ्रष्टाचार, तानाशाहीपना र तिनै उमेदवारले गरेको विलासी चुनावी खर्चहरुको प्रमाणहरु दिँदै प्रश्न गरें- 'तपाई त समाज बदल्न हिंडेकी एक अभियन्ता, अब त नयाँ खोज्ने कि ?'

तर उनी पनि 'आ... जुन जोगी आए पनि कानै चिरेका हुन्, अब आउनेले राम्रो गर्छन् भन्ने के ग्यारेन्टी छ ?' भन्दै हिंडिन् । अर्थात उनी राजनीतिक रुपमा आफैं बदलिन चाहँदिनन् । यथास्थितिमै भ्रष्टाचार भइरहनुपर्छ, भोजभतेरमा बिकेर, पैसामा किनेर चुनाव जित्नुपर्छ र सक्नेले कमाउनुपर्छ भन्ने पक्षमै छिन् । किनकि यो चुनावी प्रणालीले उनलाई समाज बदल्ने धर्मभन्दा बदल्ने नामामा कमाउने कर्म सिकाएको छ ।

टाढाको कुरा नगरौं- मेरै परिवारमा पनि एमए पढेका मतदाता छन् । उनीहरु पल्लो घरको इश्व गर्दै भन्छन् 'ऊ हेर्नु त, पल्लो घरको मान्छेलाई, बच्चाको स्कुलको फी तिर्न नसक्ने नाथेले यस चुनाव गोजीमा ५ लाख लिएर गाउँघरमा बाँड्दै हिंडेको छ । कतिलाई दारु पानी खुवाउँदै छ । आफैंले पनि एक डेढ लाख कमायो रे । तपाईको राजनीति त के राजनीति । उल्टै आफ्नै खर्चे हुने राजनीति पनि हुन्छ ?' हामीजस्ता शिक्षितका परिवारमा त चुनाव भनेको विकासका लागि असल नेता, असल पार्टी छनौट गर्ने स्वच्छ पद्दति हो भन्ने चेतना छैन । चुनाव भनेकै पैसा कमाउने मौका हो, भोजभतेर खाने चाड हो । मौकामा चौका हान्ने खेल हो भन्ने संस्कारले बास गर्न थालेको छ ।

२८ वटा चिन्हमा छाप

लोकतन्त्रमा दलहरुको आधारमा चुनाव लडिन्छ तर यसपल्ट ३ वा ४ वा ५ पार्टीहरुबीचमा गठवन्धन हुँदा मतदातालाई तिनका चिन्हहरूमा धेरैबेर घोत्लिनुपर्यो । ५ पल्ट सिकाए पनि कतिले बिर्सिहाल्थे । अनि ७ छाप लाउनुपर्नेमा कसैले एउटामा मात्र त कतिले २८ वटा चिन्हमा सम्म भोट लगाएको देखियो । जस्तो- हँसिया हथौडा, कलम र स्वतन्त्र वा रुख, कलम, छाता वा अन्य दलका गठवन्धनका चिन्हहरुलाई खोजीखोजी स्वस्तिक छाप लाउँदा धेरैजना अल्मलिने गरेको र तिनका अधिकांश मतहरु बदर भएको देखियो ।

सूर्य र रुख खोज्न सजिलै भयो, तर तीसँगै उठेका कलम वा अन्य पार्टीको छाप कहाँ छ, कति नम्बर रो र कोलममा छ भनेर खोज्नै गाह्रो भयो । अत: गठनबन्धनका विभिन्न चिन्हहरुमा भोट दिन चाहनेले भोट बिगारेको देखियो । मतदातालाई धारा, गिलास, पुतली लौरो, ओब्रा, मुढा आदिमा उठेका स्वतन्त्र उमेदवारहरुको चिन्ह खोज्नै गाह्रो पर्यो । जसले धेरै मतहरु बिग्रिए । एउटा प्रत्यक्ष उदाहरण हो- पसांको एउटा पालिकामा ८५०० मतमध्ये ५२०० बदर देखियो । र, सालाखाला २० प्रतिशतको हाराहारीमा सबै पालिकाहरुको मत बदर भएको छ । यो भनेको रक्सी, दारु र पैसामा बिक्ने बाहेक थप २० प्रतिशत मानिस लोकतन्त्रका लागि असक्षम छन् भन्ने हो । अझ तर गाउँघरका घाँस दाउरा र सानोतिनो ब्यापार गरी खाने मानिसलाई कांग्रेस र माओवादी र एमाले भन्नेवाहेक थाहै छैन । तिनलाई मधेसी र नयाँ पार्टीहरुको चिन्ह यति छिट्टै चिन्न त्यति सजिलो थिएन ।

त्यसैगरी पहिलोपल्ट मतदान गर्नेहरुको हात कपिको देखियो । उनीहरु डराएको पाइयो । तिनले सही स्थानमा मतको सद्पयोग गरेको पाइएन । कतिपय स्थानमा प्रहरीको अपमान, अनावश्यक तडकभडक र तर्साईले समेत जनताले मत खसाल्न सकेनन् । अझ वैशाख ३० गते कटारी-१०, सोरुडमा भएको सर्वसाधारणमाथिको अनावश्यक बल प्रयोग र हत्याले मानिसको मतदान गर्ने अधिकारलाई हनन मात्र होइन, लोकतन्त्रको सुन्दरतामै प्रश्न खडा गरेको छ ।

परम्परागत निर्वाचन प्रणाली

अन्य मुलुकमा लोकतन्त्र डिजिटल छनोट प्रणालीमा विकास भइसक्दा हामी चाहिँ वि.सं. २०१० बाट आरम्भ भएको अधिक पुरानो विहारी चुनावी प्रणालीमै छौं । -बाँकी ३ पेजमा....

महत्वपूर्ण टेलिफोन नम्बरहरू

मकवानपुर प्रहरी

प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५९९
वडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५९८
पालुङ इलाका:	६२०४६७
मनहरी इलाका:	९८५५०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६९१४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी	९७४२५१९५०१
चित्लाङ चौकी:	६९२०००
चौघडा चौकी	९८४४०५४६०४
नेवारपानी चौकी:	९७५५०००२९९
फाखेल चौकी:	९८४५०३१३९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा

नेपाल रेडक्रस:	५२०७११, ९८५५०२८९५२
हेटौंडा अस्पताल:	५२०३०५
परिवार नियोजन संघ:	५२०७४५९८४४१०४५००
मनहरी रेडक्रस:	९८४५१०५८२१
छतिवन रेडक्रस:	९८६१६२२३१
भीमफेदी रेडक्रस:	६२०६९९
पालुङ रेडक्रस:	९८१४२०७४०१
बजबाराही रेडक्रस:	९८४५३०२९८४
सहकारी अस्पताल:	०४७-५२५८७, ९८४५१९१९४
बसामाडी एम्बुलेन्स:	९८४५२९७५७९
बाहुण यन्त्र:	१०१
बाल हेल्पलाइन नेपाल:	१०९८
माइती नेपाल:	५२१०५०
अपाङ्ग बाल अस्पताल	९८४५२९६४४५

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक साझाकुरा

भोलिको पात्रो

भोलि वि.सं. २०७९ जेठ १२ गते बिहीबार २६ अप्रिल २०२२ ।

आजको राशिफल

मेष	: नातागोतासँग भेटघाट हुनेछ	तुला	: नबोली बस्दा राम्रो हुनेछ
वृष	: रोकिएको कामहरु बन्नेछ	वृश्चिक	: प्रेमका विवाद आउनसक्नेछ
मिथुन	: आनन्दको महसुस हुनेछ	धनु	: बोलिमा नियन्त्रण गर्नुपर्नेछ
कर्कट	: मन चञ्चल हुनेछ	मकर	: हाँसखेलमा दिन जानेछ
सिंह	: मान-सम्मान बढ्नेछ	कुम्भ	: मनमा धेरै कुरा खेल्ने छन्
कन्या	: धन लाभ हुनेछ	मीन	: मन प्रसन्न रहनेछ

'राजनीति २' बन्ने, सँगै देखिएलान् रणवीर र कट्रिना ?

काठमाडौं/बलिउड निर्देशक प्रकाश झा 'राजनीति' को सिक्वेल बनाउने तयारीमा छन् । उनले 'राजनीति २' बनाउने तयारी गरिरहेको भारतीय सञ्चार माध्यमहरूले जनाएका छन् । बलिउड लाइफका अनुसार निर्देशक प्रकाश झा अहिले 'राजनीति २' का लागि स्क्रिप्ट लेखिरहेका छन् ।

'मलाई नयाँ विषयहरू खोज्न मन लाग्छ । राजनीति एउटा विषय हो । जसको लागि स्क्रिप्ट तयार भइरहेको छ । राजनीतिको क्षेत्रमा यति धेरै परिवर्तन भइरहेको छ, त्यसले निश्चित हुने वातावरण छैन,' निर्देशक झाका भनाइ उद्धृत गर्दै बलिउड लाइफले लेखेको छ ।

सन् २०२२ को अन्तिमबाट फिल्म छायांकनमा जाने बताइएको छ । सन् २०१० मा प्रदर्शन भएको फिल्म 'राजनीति' मा अभिनेता रणवीर कपूर र कट्रिना कैफको मुख्य भूमिका थियो । फिल्ममा कट्रिना इन्दु प्रताप सिंहको भूमिकामा र रणवीर समर प्रताप सिंहको भूमिकामा देखिएका थिए । यसको सिक्वेल बन्ने घोषणा भएसँगै फिल्ममा रणवीर र कट्रिनाको जोडी देखिने चर्चा छ । तर रणवीर र कट्रिनाले यसबारे आधिकारिक जानकारी दिएका छैनन् ।

निर्देशक झा सिक्वेल फिल्म बनाउन माहिर निर्देशकको रूपमा परिचित छन् । उनले 'गंगाजल' को सिक्वेल 'जय गंगाजल' बनाइसकेका छन् ।

-साभार: सेतोपाटी

गाउँमा स्थानीय...

समाजवादका मार्क्स मानिने वीपी कोइरालाले समेत १०१५ सालमा यही चुनावी प्रणालीको अभ्यास गरे, जुन २ वर्ष नपुग्दै महेन्द्रले खारेज गरिदिएकाले त्यतिबेलै फेल भइसकेको मान्नुपर्छ ।

पञ्चायतभरि यही प्रणालीमा चुनाव लडेर जसको माल, मसल, मगज छ, उसले मात्र कुर्सी पाउँथ्यो । त्यसले उपल्ला भनिने जाति, लिंग, सामन्त, मुखिया, दरबारिया गुलाम, पैसावालहरूले मात्र जित्थे । सर्वहारा वर्ग, दलित-उत्पीडित, महिला, अल्पसंख्यकले चुनाव जित्ने हेह्रन, लड्ने कल्पना पनि गर्न सकिँदैनथ्यो ।

२०४७ को परिवर्तनपछि नयाँ संविधानले पनि यस्तै चुनावी प्रणालीलाई अंगीकार गर्यो । आरम्भमा सर्वहारा वर्गले पनि चुनाव जित्न सक्दारहेछुन् भन्ने त देखियो । तर, कालान्तरमा तिनै सर्वहारा वर्गहरु मुखिया, सरदार भए, काजी भाइ भारदार जस्ता भए र जनतालाई किन्न थाले । किन्ने र बिकिने प्रणालीको पुन: विकास भयो । अन्तत: जनताले चुनावमा आफ्नो भाऊ आफै राख्न थाले ।

अहिले पनि यही बिहारी प्रणाली छ । तर, उमेदवारीमा भने केही सरलता छ । सबैले उमेदवारी दिन सक्छन्, पार्टीले समावेशिताका नाममा उम्मेदवार बनाउँछ । तर, फेरि पनि पैसा हुनेले नै टिकट पाउँछन् । खर्च गर्न सक्नेले जित्छन् । नहुनेहरु पार्टीको लिस्टमै पर्दैनन् । मैदानमा उत्रन चाहे भने उसले भएको सानोतिनो घरखेती पनि अन्तत: साहुकोमा बन्धकी राख्नुपर्ने हुन्छ ।

जनतासमेत थोरै मात्र असल उमेदवारको रोजाइमा छन् भने अधिकांश जनताले चुनावलाई खाने र कमाउने पर्वका रुपमा लिन्छन् । यस्तो निर्वाचनले सार्वभौम जनताबाट असल नेताको छनोट भई तिनले स्थानीय निकायको विकास गर्छन् अथवा असल नीति निर्माता तथा विज्ञ र परिपक्व दृष्टिकोण भएका नेताहरु चुन्छन् भनेर आम जनतामा चासो हुन छाडेको छ । नेतामा समेत चुनावमा नमस्ते गर्ने हो, जिते ५ वर्ष ढुक्क, हारे जुवा भन्ने विकृति भरिन थालेको छ । यस्तो निर्वाचन, जसलाई हामीले लोकतन्त्र र गणतन्त्रको सुन्दर पक्ष हो भनेर अझ पनि मान्दै आएका छौं ।

विकल्पको खोजी गर्ने कि ?

हामी प्रगतिवादीहरुले २०४८ सालबाटै हेर्यौं : पञ्चायतभन्दा हामी कहाँ फरक भयौं त ? माओवादी सशस्त्र आन्दोलनपछि १५ वर्षे अभ्यासलाई पनि हेर्दैछौं त ? केही निम्न वर्ग, जाति, समुदाय र लिंगले चुनाव लड्न पाउने बाहेक चुनावी गतिविधि उही छ त । उही भोजभतेर, मासुभात, जाँडरक्सी, खरिदविक्री, मोलमोलाई, दादागिरी, लडाई, टसल-मसल, प्रहरी दमन वा बुथ कब्जाको संस्कार ।

उत्पीडित दलित, महिला मधेसी वा अल्पसंख्यक जोसुकै लडे पनि यो चुनावी संस्कार त सँगसँगै बोकेर आयौं त । यसर्थ, यस्तो चुनावी प्रणालीले जनतालाई चेतनशील र बुझकी बनाउँदैन । असल नेता, असल पार्टी चुन्ने अवसर दिँदैन । न त गाउँघरको विकास समृद्धि र शान्ति स्थापना गर्न सक्ने र मुलुकको नीति बनाउन सक्ने क्षमतावान र जनताले वास्तविक रुपमा चाहेका नेताको छनोट गर्न सक्छ ।

अझ दलित उत्पीडित, अल्पसंख्यक, ज्ञान र सामर्थ्य भएका मुलुकका लागि केही योगदान दिऊँ भन्ने कार्यकर्ता वा नेतालाई छनौट गर्न यो प्रणालीले सिधै रोक्छ । यसर्थ पुरातन प्रवृत्तिको यो निर्वाचन प्रणालीको विकल्पका बारेमै सोच्न ढिला भयो कि ? -साभार: नेपालखबर

कान्सको रेड कार्पेटमा अभिनेत्री सुरक्षा पन्तले तेन्जिङ छेतेन भुटियाले डिजाइन गरेको यही पहिरन लगाएकी थिइन् ।
तस्विर सौजन्य: अन्जिल मास्के/तेन्जिङ छेतेन भुटिया

नियमित कप्तान तथा गोलकिपर बिना नेपाली टोलीको बिदाइ

काठमाडौं/जुन ८ देखि १४ सम्म कुवेतमा आयोजना हुने एएफसी एसिया कप २०२३ को तेस्रो चरणका लागि मंगलबार नेपाली राष्ट्रिय फुटबल टोलीको बिदाई गरिएको छ । मंगलबार अबेर अखिल नेपाल फुटबल संघ (एफा) ले एक कार्यक्रमको आयोजना गरेर नेपाली टोलीको बिदाई गरेको हो ।

कुवेतमा आयोजना हुने छनोट खेलमा सहभागिता जनाउने खेलाडीको अन्तिम नामावली यसअघि शुक्रबार मात्र मुख्य प्रशिक्षक प्रशिक्षक अब्दुल्लाह अल्मुताइरीले घोषणा गरेका थिए ।

घोषणा गरिएको टोलीमा नियमित कप्तान तथा गोलकिपर किरण चेम्जोङसहित अन्य ९ खेलाडी विना नै मुख्य प्रशिक्षकले २३ सदस्यीय राष्ट्रिय टिमको नाम सार्वजनिक गरेका थिए ।

बन्द प्रशिक्षणमा रहेका बेला सेवा सुविधा पर्याप्त नभएको भन्दै राष्ट्रिय टोलीको बन्द प्रशिक्षणमा छाडेका १० खेलाडी विना प्रशिक्षक अलमुताइरीले २३ सदस्यीय खेलाडीको सूची सार्वजनिक गरेका हुन् । पछिल्लो समय मुख्य प्रशिक्षक र खेलाडीबीचको टकावमा किरणले साथ दिएका थिए ।

यसपटक घोषणा भएको राष्ट्रिय टोलीमा चार नयाँ अनुहारले स्थान बनाएका छन । रक्षक विकास तामाङ र शिव गुरुङसँगै मिडफिल्डर निरकुमार राई र रोशन रानामगरले पहिलो पटक राष्ट्रिय टोलीमा स्थान बनाएका छन् । एसिया कप तेस्रो चरणको छनोटमा नेपाल समूह ए मा रहेको छ । नेपाल सम्मिलित समूहमा आयोजक कुवेतसँगै बलियो जोर्डन र इन्डोनेसिया रहेका छन् । नेपालले जुन ८ मा जोर्डनविरुद्ध खेल्दै छुनोटको सुरुआत गर्नेछ । यस्तै, दोस्रो खेलमा कुवेतविरुद्ध जुन ११ मा खेल्दा जुन १४ मा इन्डोनेसियाविरुद्ध अन्तिम खेल खेल्ने तालिका छ । यसैबीच हालका लागि नवयुग श्रेष्ठलाई कप्तानको जिम्मा दिएको बताइएको छ । *-साभार: रातोपाटी*

अभिनेता जोशीले अनाथालयका लागि पूरा गरे २४० माइल साइकल यात्रा

काठमाडौं/अभिनेता, निर्माता बिक्रम डि जोशीले २४० माइल (करिब ३८७ किमी) लामो दुरी साइकलबाटै पूरा गरेका छन् । जोशीले हेल्प नेपाल नेटवर्कले धुलिखेलमा संचालन गरेको चिल्ड्रेन्स् होम नामक अनाथालयलाई आर्थिक सहयोग जुटाउने उद्धेश्यले ६ जना साथीहरूका साथमा 'लण्डन टु पेरिस च्यारिटी राइड' गरेका हुन् ।

शुक्रबार सुरु गरेको यात्रा आइतबार पूरा गरेका हुन् । साइकल यात्रा टिममा जोशीसहित शुलभ पन्त, सुशील प्रसाई, मनोज श्रेष्ठ, प्रसिद्ध प्रधान, सुनील कार्की र लक्ष्मण गुरुङ छन् । यात्रा सुरु गरेको दिन (२० मे) मा बाटोमा भारी वर्षा रहावाको सामना गर्नु परेको अभिनेता जोशीले बताए ।

पाइडल घुमाउँदै लण्डन ब्रिजबाट पेरिसको इफेल टावर पुगेको सो टोलीले लक्षित भन्दा धेरै सहयोग रकम जुटाएको छ । 'हामीले कम्तीमा ५ हजार पाउन्ड संकलन गर्ने टार्गेट गरेका थियौं । तर हामीलाई ६ हजार पाउन्ड सहयोग जुटेको छ,' जोशीले भने 'हाम्रो यात्राको उद्धेश्य

थाह पाएपछि मान्छेहरु स्वस्फुर्त रुपमा सहयोग गर्न तयार भए । हामीलाई त्यसअवधिमा ११० जनाले रकम सहयोग गरेका छन् ।'

उलवीच अर्सेनल राइडर्स क्लब (डब्लुएआरसी) र नेपाल युथ एसोसिएसन युकेले आयोजना गरेको साइकल यात्रा अभियान सुरु भएदेखि विभिन्न देशबाट ९८ जनाले करिब ३ हजार पाउण्ड सहयोग गरिसकेका थिए भने अहिले त्यसमा ६ हजार पाउण्ड थपिएको छ । जस्ट गिभिङ डटकम नामक अनलाइनमार्फत रकम सहयोग गर्न सक्ने व्यवस्था मिलाइएको यात्राको सम्पूर्ण खर्च यात्री स्वयंले बेहोरेका थिए । आफूहरुले संकलन गरेको रकम ह्विट्टै नै चिल्ड्रेन्स् होमलाई हस्तान्तरण गरिने जानकारी जोशीले दिए । सन् २०१४ देखि संचालित उक्त अनाथालयमा हाल २३ बालिका आश्रित छन् । जोशीको निर्माण, अभिनय रहेको फिल्म 'हल्ली जिन्दगी' केही महिना अगाडि रिलिज भएको थियो । -साभार: रातोपाटी

सिन्धुलीका डोरबहादुर बने विश्वकै होचा किशोर

काठमाडौं/सिन्धुलीका डोरबहादुर खपाझिले विश्वकै होचो किशोरको रुपमा विश्व कीर्तिमान बनाएका छन् । ७३.४३ सेन्टिमिटर अर्थात २ फिट ४.९ इन्च अग्ला १८ वर्षका खपाझीले संसारकै होचा किशोर (टीनएजर) को रुपमा गिनिज बुक अफ वर्ल्ड रेकर्डसमा नाम लेखाएका हुन् । उनलाई मंगलबार काठमाडौंमा आयोजित कार्यक्रममा गिनिज बुक अफ वर्ल्ड रेकर्डसको प्रमाणपत्र हस्तान्तरण गरिएको छ । *-साभार: अनलाईनखबर*

"घनचक्कर"को ट्रेलर रिलिज, केटीका लागि सौगात र सलोनको लडाईं

काठमाडौं/चार वर्ष अगाडि जितेन्द्र राजोपाध्यायको निर्देशनमा तयार भएको फिल्म 'घनचक्कर'को ट्रेलर सार्वजनिक भएको छ । आगामी असार १० गतेबाट प्रदर्शनमा आउन लागेको फिल्मको मंगलवार राजधानीमा एक कार्यक्रमका बीच सार्वजनिक गरिएको ट्रेलरमा एक केटीका लागि दुई पुरुष पात्रबीचको घम्साघम्सी र पैसा कमाउन गलत काममा होमिने पात्रहरुको कथालाई देखाइएको छ ।

भट्ट एण्ड सन्स प्रोडक्सनको ब्यानरमा निर्माण भएको फिल्ममा सौगात मल्ल, सलोन बस्नेत, जेवी डिसी, सरोज खनाल, कस्मिरा लामा, शिशिर भण्डारी, आशान्त शर्मा, इश्वरी खड्का, कृष्णभक्त महर्जन, घनश्याम जोशी, जनक घर्तिमगर, दामोदर पौडल, ममता प्रधानलगायतको अभिनय छ । हरि भट्ट सुर्यनाथ प्रस्तुतकर्ता रहेको फिल्ममा करुना अर्याल र संगम भट्ट निर्माताम छन् । श्रीराम बालाजु फिल्मस्ले वितरण गर्ने फिल्ममा अनुपम द्विवेदी, अनुप जंग खड्का र सन्तोष सेढाई सह-निर्माताम छन् । फिल्ममा सुशन प्रजापतिको छायांकन, अर्जुन सिंहको कथा, काजी लिम्बुको पटकथा तथा संवाद, अष्ट महर्जनको द्वन्द्व, प्रदीप श्रेष्ठ र साइमन राजवंशीको केरियोग्राफी, विपिन आचार्य, देव कोइमी र बिजेन श्रेष्ठको संगीत र मित्र डि गुरुङको दृश्य सम्पादन रहेको छ ।

ट्रेलर रिलिज कार्यक्रममा अभिनेता सरोज खनालले पहिलो पटक सौगात मल्लसँग काम गर्ने अवसर पाएकाले आफ्नो लागि यो फिल्म विशेष रहेको बताए । उनले एउटा बाघको अर्को बाघसँग भेट भएको भन्दै खुशी व्यक्त गरे । सौगातले पनि आफू सरोज खनालको अभिनयबाट प्रभावित रहेको बताउँदै पहिलो पटक फिल्ममा एकसाथ काम गर्न पाउँदा खुशी महशुस भएको बताए । -साभार: फिल्मीखबर

'प्रेमगन्ज' गीतमा बेनिशाको बोल्ड ठुम्का

काठमाडौं/आगामी भदौ ३ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'प्रेमगन्ज'को पहिलो गीत सार्वजनिक भएको छ ।

मंगलवार राजधानीमा एक कार्यक्रमका बीच सार्वजनिक गरिएको 'तरबार' बोलको आइटम गीतमा अभिनेत्री बेनिशा हमाल बोल्ड अवतारमा प्रस्तुत छिन् । उनले पहिलो पटक फिल्ममा आइटम गीतमा नृत्य गरेकी हुन् । गीतमा उनले आकर्षक नृत्य प्रस्तुत गरेकी छन् ।

पुरुषोत्तम ढुंगेलको शब्द र किरण भुषालको संगीत रहेको गीतमा दिक्षा थापा र सुरज शाही ठकुरीको युगल स्वर छ । गीतको भिडियोमा संजय लामाको छायांकन र द वाइल्ड रिपर्ज क्रुको कोरियोग्राफी छ । गीत सार्वजनिक कार्यक्रममा अभिनेत्री हमालले आफूलाई पहिल्यैदेखि आइटम गीतमा नृत्य गर्ने ठूलो इच्छा रहेको बताउँदै 'तरबार' गीत सुनेपछि काम गर्न लोभिएको बताइन् ।

परिच्छेद सेनको निर्देशनमा तयार भएकोफिल्ममा बेनिशाका अलावा सुरक्षा पन्त, तेज गिरी, राइडर प्रशान्त, सिमरन खड्का, नरेश पौडेल, रश्मी भट्ट, सञ्जोग रसाझी, गीता अधिकारी, सम्पदा बानियाँ, पवन भट्टराई, सुप्रिया खनाललगायतका कलाकारको पनि अभिनय छ । अनन्तमान श्रेष्ठ कार्यकारी निर्माता रहेको फिल्मको कथा तथा पटकथा निर्देशक सेन आफैले लेखेका हुन् ।

अर्जुन बिसिले सम्पादन गरेको फिल्मको निर्माताम किरण गुरागाईं, रेश्मा थापा, राजेश सुवाल, गणेश भण्डारी र निर्मला लामिछाने छन् । स्पट व्याईको रुपमा दुई दशकभन्दा लामो समयदेखि नेपाली फिल्ममा काम गर्दै आएका राजु फुयाँलको प्रस्तुति रहेको फिल्म चलचित्र चौतारीको ब्यानरमा बनेको हो । निर्देशक सेनले फिल्मलाई उत्कृष्ट बनाउन आफूले कुनै कसर नछाडेको बताए । -फिल्मीखबर

नयाँ पूर्वाधार आयोजनाळाई कम प्राथमिकता

काठमाडौं/आगामी आर्थिक वर्ष २०७९/८० को बजेट लोकप्रिय कार्यक्रममा केन्द्रित हुने संकेत सरकारले गरेको छ । राष्ट्रपति विद्यादेवि भण्डारीले मंगलबार प्रस्तुत गरेको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्राथमिकतामा नयाँ पूर्वाधार आयोजना छैनन् ।

बरु सरकारले केही लोकप्रिय कार्यक्रम बजेटमार्फत घोषणा गर्दैछ, जसले अर्थतन्त्रको संरचना रुपान्तरणलाई भने केही न केही जोड दिने देखिएको छ । यसमा आन्तरिक स्रोतमा आधारित उत्पादनमा जोडदेखि गरिब र सुकुम्बासी लक्षित कार्यक्रमहरु समेटिएको छ ।

सरकारले 'नेपाली उत्पादन तथा उपभोग अभिवृद्धि अभियान दशक' सुरु गर्ने घोषणा लोकप्रिय कार्यक्रमतर्फको मूख्य घोषणा हो । उता, निजगढ विमानस्थललाई एक वर्ष पर धकेलेको सरकारले बुढिगण्डकी जलविद्युत् आयोजनालाई आफ्नै स्रोतमा निर्माण गर्ने बताएको छ । यी दुबै आयोजनाको पूर्वतयारीको काम सम्पन्न नभएका कारण आगामी आवमै आयोजना कार्यान्वयनमा जाने सम्भावना छैन ।

अन्य घोषित अधिकांश सिंचाइ, सडक, ऊर्जा र विमानस्थल परियोजना यसअधि नै कार्यान्वयनमा गएका छ्वर्षैं आयोजना भएका कारण नयाँ आयोजना घोषणाको संकेत सरकारले नीति तथा कार्यक्रममा गरेको छैन । आगामी आर्थिक वर्ष २०७९/८० संघीय सरकारले ठूला बाहेकका अन्य आयोजनाको बोझ नलिने भएको छ । नीति तथा कार्यक्रममा भनिएको छ, 'राष्ट्रिय गौरव, रुपान्तरणकारी र रणनीतिक महत्वका ठूला आयोजनाबाहेक अन्य आयोजना प्रदेश र स्थानीय तहबाट कार्यान्वयन गरिनेछ ।'

ठूला तथा रणनीतिक महत्वका पूर्वाधार विकास तथा औद्योगिक विकासका लागि सार्वजनिक-निजी साझेदारीका अन्य उपयुक्त लगानी र निर्माण ढाँचासमेत कार्यान्वयनमा ल्याउने भनेको सरकारले थप पूर्वाधार आयोजना प्रारम्भ गर्ने संकेत गरेको छैन । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको मध्यावधि समिक्षा गरी प्राविधिक र आर्थिक दृष्टिकोणबाट सम्भाव्य बाली तथा वस्तुका जोन प्रदेशमै हस्तान्तरण हुने भएको छ ।

आगामी वर्ष २ सय पुलको निर्माण गर्ने भनेको सरकारले स्थानीय सडकका पुल निर्माणको जिम्मेवारी समेत प्रदेश सरकारलाई दिने भएको छ । फेहोरमैला व्यवस्थापनको जिम्मा स्थानीय तहलाई प्राविधिक सहयोगमार्फत दिइने भएको छ । काठमाडौं उपत्यकामा सार्वजनिक यातायात प्रणाली सुदृढ र व्यवस्थित बनाउन उपत्यकाभित्र स्थानीय तहसँग सहकार्य र साझेदारी गर्ने भएको छ ।

सरकारले आयोजना बैंकमा पूर्वतयारी सकिएर रहेका आयोजनालाई मात्रै कार्यान्वयनमा लैजाने नीति लिएको छ । राष्ट्रिय योजना आयोगका एक वरिष्ठ अधिकारीका अनुसार आगामी आर्थिक वर्ष स्रोत सुनिश्चितता नभएका आयोजनालाई बजेट राखिएको छैन । यसलाई आयोजना बैंकमार्फत नै फिल्टर गर्ने प्रयास गरिएको छ ।

त्यसो त मन्त्रालयहरुलाई बजेटको सिलिङ दिने बेलामै यसबारे सचेत गराइएको थियो । नीति तथा कार्यक्रमले समेत पूर्वतयारी नभएका र आयोजना बैंकमा प्रविष्ट नभएका आयोजनालाई बजेट विनियोजना नगर्ने बताएको छ । यही प्रावधानका कारण आगामी आवमा ठूला तर नयाँ कार्यक्रम घोषणा हुने सम्भावना कम भएको ती अधिकारीले बताए ।

चालु आर्थिक वर्ष २०७८/७९ मा पुँजीगत खर्चको सुस्त गतिका कारण सबैभन्दा बढी आलोचना खेपेका अर्थमन्त्री जनार्दन शर्मले आगामी आर्थिक वर्ष केही संरचनागत परिवर्तनमा जाने संकेत गरेका छन् ।

जसमा उनले विकास खर्चको जड मै परिवर्तन गर्न नयाँ विकास कानून ल्याउनेदेखि सार्वजनिक खरिद सम्बन्धी कानुनको सुधार सम्मलाई जोड दिएका छन् । विकास निर्माणसँग सम्बन्धित ठेक्का प्रक्रियामा आउने विवादलाई शीघ्र निरुपण गर्न यस्तो प्रावधान ल्याउन लागिएको नीति तथा कार्यक्रममा उल्लेख छ । सरकारले आगामी वर्ष लिने वैदेशिक सहायतालाई रणनीतिक, रुपान्तरणकारी आयोजना तथा उच्च प्रतिफल दिने कार्यक्रममा लगाउने बताएको छ ।

लोकप्रिय बजेटको संकेत

सरकारले कर प्रणालीको पुनरावलोकन गर्ने भनेको छ । अर्थ मन्त्रालयमा बजेट निर्माण/लेखनमा अप्रत्यक्ष सहभागी एक उच्च अधिकारीका अनुसार निम्न तथा मध्यम वर्गीय परिवारलाई लक्षित गरी आयकरको करयोग्य आम्दानीको सीमालाई केही बढाउने तयारी छ ।

यसले एकसाथ निजी क्षेत्र र बहुसंख्यक जनसंख्यामा सकारात्मक प्रभाव पार्ने उनी बताउँछन् । राजस्व प्रशासनलाई पारदर्शी, लगानीमैत्री र व्यवसायमैत्री बनाउने भनेको सरकारले निर्यातमुलक तथा आयात प्रतिस्थापन गर्न सक्ने उद्योग स्थापना र संचालन गर्दा कर छुटदेखि सहुलियतसम्मका कार्यक्रम बजेटमा समेट्ने तयारी गरेको छ ।

उत्पादनशील र रोजगार मुलक क्षेत्रमा कर्जा बढाउने घोषणा गरेको सरकारले विगतमा संचालनमा आएका र अहिले बन्द भएका सार्वजनिक संस्थान संचालनको घोषणा गरी रोजगारी सिर्जना गर्ने कार्यक्रमलाई बजेटमा राख्दैछ ।

बुटवल धागो, गोरखकाली रबर र हेटौंडा कपडा उद्योग पुन: संचालनको तयारी सरकारले गरेको छ । पुँजीबजारमा लाभकरको सीमा घटाउने तयारी गरेको सरकारले उत्पादनशील क्षेत्रमा लगानीकर्ताको आकर्षण बढाउने भनेको छ ।

आगामी वर्ष निर्वाचनको माहौल भएका कारण समेत सरकारको जोड पुँजीबजार प्रवर्द्धनमा बढी केन्द्रित हुने छ ।

-साभार: अनलाईनखबर

जनभावना अनुसार काम गर्न मेयर लामालाई माधव नेपालको आग्रह

साझाकुरा संवाददाता

हेटौंडा, १० जेठ/नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले हेटौंडाको नवनिर्वाचित मेयर मीनाकुमारी लामालाई जनभावना अनुसार काम गर्न आग्रह गरेका छन् ।

हेटौंडामा आयोजित नवनिर्वाचित जनप्रतिनिधिलाई बधाई तथा मतदातालाई धन्यवाद् दिन राखिएको कार्यक्रममा बोल्दै उनले मेयर लामालाई जनताको भावना अनुसार काम गर्न आग्रह गरेका हुन् । नेपालले आफूहरुले महिला र जनजातीको सम्मान गर्दै लामालाई हेटौंडाको मेयर बनाएको भन्दै सोही अनुसार काम गर्नुपर्ने बताए ।

उनले चुनाव जित्नु मात्रै ठुलो कुरा नभएको भन्दै सफलतापूर्वक काम गर्नुपर्ने बताए । उनले आफूहरुले राम्रोसँग काम गर्न नसक्दा देशैभरि स्वतन्त्र उम्मेदवार बढेको समेत बताए । अध्यक्ष नेपालले धरान उपमहानगर पालिकाको मेयरमा स्वतन्त्र रुपमा निर्वाचित भएका हर्कराज राई साम्पाङ जस्तो बन्न कार्यकर्ताहरुलाई आग्रह पनि गरे । धरानमा स्वतन्त्र उम्मेदवारी दिएर मेयरमा निर्वाचित साम्पाङको आफू प्रशंसक रहेको भन्दै उनीजस्तै लगनशील भएर जनताको काम गर्न नेता नेपालले आग्रह गरे । 'नमुना उम्मेदवारको रुपमा धरानको मेयरमा विजयी भएका व्यक्तिको लशनशीलताको म प्रशंसा गर्न चाहन्छु । साधारण, अत्यन्तै निराश भएका र दैनिक ज्यालादारी गरेर जीवनयापन गर्ने मानिसले ट्याम्पो चलाएर जनताको सेवा गर्ने गरेका रहेछन् । ट्याम्पोबाटै उनले बिरामीको उद्धार गर्ने गरेका रहेछन् । चुनाव आउने कहिले कहिले तर, थाहा पाउने बित्तिकै सहयोग गर्न पुग्दा रहेछन् उनले भने, 'यस्तो भावना छ हामीमा ? त्यस्ता मान्छेलाई सम्मान गर्नुपर्दैन ?' असल गुण भएको मान्छेलाई सम्मान गर्नुपर्ने भन्दै कार्यकर्ता र नवनिर्वाचित जनप्रतिनिधिहरूलाई पनि सोहीअनुसार काम गर्न निर्देशन दिए ।

उनले आफूहरुले राम्रोसँग काम गर्न नसक्दा देशैभरि स्वतन्त्र उम्मेदवारहरू बढेको समेत बताए । नेता नेपालले पार्टी बनेको छोटो समयमा नै चुनावमा होमिएर आफूहरुले राम्रो सफलता पाएको पनि दाबी गरे । नेपालमा रहेका सबै पार्टीहरुको तुलनामा एकीकृत समाजवादीको काम राम्रो भएकोले छोटो समयमा राम्रो सफलता पाएको उनको दाबी छ । 'विभिन्न ठाउँमा कुनै गठबन्धनको सहयोग नलिकनै हाम्रो सिंगो प्यानल विजयी भएको छ । गठबन्धनको प्रत्येक घटकहरु सँगसँगै चुनावमा भाग लिएका छन् र सबैले आ-आफ्नो हैसियत पनि मत परिणाममा देखेका छन्', उनले भने ।

नेपालले निर्वाचनमा आफूहरुले अन्य दलको भन्दा शानदार मत प्राप्त गरेको बताए । उनले पार्टी बनेको छोटो समयमा नै चुनावमा होमिएर आफूहरुले राम्रो सफलता पाएको दावी पनि गरे । नेपालमा रहेको